नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#१०

# कोरोना भाइरस (2019-nCoV) acute respiratory disease सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

आइतबार ।२६ माघ २०७६ (९ फेब्रुअरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २४ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ । यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

### विश्वभर

पुष्टी भएका केसहरू: ३४८८६

मृत्यु हुनेको संख्या: ७२४

### चीनमा

पुष्टी भएका केसहरू: ३४५९८

मृत्यु हुनेको संख्या: ७२३

### चीन बाहिर

अन्य प्रभावित देशहरु: २४

पुष्टी भएका केसहरू : २८८

मृत्यु हुनेको संख्या: १ (फिलिपिन्स)

### WHO जोखिम निर्धारण

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

कुनै नयाँ देशहरूले पछिल्लो २४ घण्टामा २०१९-nCoV का केसहरु रिपोर्ट नगरेको ।

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* २५ माघ २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद विरामीको रगत र न्यालको नमूना (throat swab) को जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १७ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १७ जनामै रोग देखिएन । परिक्षणमा पोजेटिभ देखिएको एक व्यक्ति हाल स्वस्थ भैसकेको र निजको सम्पर्कमा रहेका व्यक्तिहरुमा कुनै लक्षण देखिएको छैन । चीनमा रहेका कुनै पनि नेपाली नागरीकमा हालसम्ममा कोरोना भाईरसको सङ्क्रमण देखिएको रीपोर्ट प्राप्त भएको छैन । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

(* २६ माघ २०७६ सम्ममा, ४:०० बजे) सम्म

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | जम्मा: |
|---|---|---|
| १ | १७ | १८ |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।
- 2019-nCoV सम्बन्धी सूचनामुलक सामाग्रीहरू मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरू प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइदै आईएको छ।
- क्वारेन्टाइन र स्क्रीनिंगमा संलग्न स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण प्रशिक्षण भोली (सोमबार, २७ माघ २०७६) को लागि निर्धारित गरिएको छ।
- नोभेल कोरोना भाइरस सम्बन्धी सूचना HEOC/MoHP को वेव पोर्टलमा अध्यावधिक गरीएको ।

## प्रदेशबाट 2019-nCoV सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरु:-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता दिइएका छन्; संकास्पद केस देखिएमा मन्त्रालयमा प्रतिबेदन गर्ने व्यवस्था मिलाईएकोछ; मन्त्रालयले तयार पारेका अल्गोरीदम (Algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएकोछ ।

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- 2019-nCoV सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ।

यस कार्यमा योगदान गर्नुहुने सम्पूर्ण निकायहरू एबम साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोग प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ ।

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

**2019-nCoV IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Audio Visual PSAs** | **Contacts**

**Situation Reports (all)** | **Hospital Disaster Preparedness and Response Plans (HDPRP)**

**2019-nCoV Confirmed, Deaths, Severe Cases: Global (Cumulative and new cases) Trend**

**HEDMU/HEOC**
**Phone:** 01-4250845,
**Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np, **fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np, **fb:** fb.com/edcdnepal

**"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहन अनुरोध छ ।"**